# चन्द्रकोट गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

शान्तिपुर, गुल्मी

चन्द्रकोट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय शान्तिपुर, गुल्मी लुम्बिनी प्रदेश, नेपाल

*सूचना नम्बर: ११६-२०८१/८२*

## तह बृद्धिका लागि आवेदन पेश गर्ने सम्बन्धी सूचना। ।

(प्रकाशित मितिः २०८२/०३/१८ गते, ने.सं. ११४५ दिल्लाथ्व ७ बुधबार)

स्थानीय निजामती सेवा ऐन २०२१ को दफा ३१ बमोजिम तह वृद्धि हुने पदभन्दा एक तह मुनिको पदमा पाँच वर्षको सेवा अवधी पुरा भएका, पछिल्लो पाँच वर्षको कार्य सम्पादन मूल्याङ्कनमा औषत नब्बे प्रतिशत अङ्क प्राप्त गरेका, आवश्यक भौगोलिक क्षेत्रमा अनुभव प्राप्त गरेका, दफा ३४ बमोजिमको अवस्था विद्यमान नरहेका उपयुक्त उम्मेद्वारहरुले एक तह माथिको तहमा तहबृद्धि हुन चाहेमा तह वृद्धि हुनका लागि यस कार्यालयमा स्थानीय निजामती सेवा नियमावली, २०८१ को नियम ४८ अनुसार सोही नियमावलीको अनुसूची १६ बमोजिम ढाँचामा सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र तपसिलका कागजात सहित आवेदन पेश गर्न यो सूचना प्रकाशन गरिएको छ।

**तपशिलः**

१. सक्कल निवेदन।

२. हालको पदमा नियुक्ति पत्रको प्रमाणित प्रतिलिपी।

३. नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी।

४. कर्मचारी समायोजन भएको प्रमाणपत्रको प्रतिलिपी।

५. अद्यावधिक वैयक्तिक विवरणको प्रतिलिपी।

६. पछिल्लो पाँच वर्षको कार्य सम्पादन मूल्याइन फारम पेश गरेको निकायको विवरण।

७. सम्बन्धित कार्यालयको सेवा निरन्तरता सम्बन्धी सिफारिस पत्र।

८. हालसम्म विभागिय कारवाहीमा नपरेको तथा प्रचलित कानून बमोजिम तह वृद्धिका लागि अयोग्य नरहेको स्व-घोषणा।

९. तोकिएको शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपी।

२०८२/०३/१८

(बुद्ध प्रकाश पौडेल)
प्रमुख प्रशासकीय अधिकृत

**बुद्ध प्रकाश पौडेल**
**प्रमुख प्रशासकीय अधिकृत**